DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM

CS (MAIN) Exam : 2017

STH–P–NPLI

# नेपाली

**प्रश्न-पत्र—I**

**( साहित्य )**

समय : तीन घण्टा

अधिकतम अङ्क : 250

**प्रश्न-पत्रसित सम्बन्धित विशेष अनुदेश**

**उत्तर लेख्न अघि कृपया निम्नलिखित अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

यहाँ जम्मा **आठवटा** प्रश्नहरू छन् जो दुई भागमा विभाजित गरिएको छ।

परीक्षार्थीले जम्मा **पाँचवटा** प्रश्नका उत्तर गर्नु पर्ने छ।

प्रश्न **1** अनि **5** अनिवार्य छन् अनि रहेका प्रश्नहरूमध्ये **तीनवटा** प्रश्नहरूका उत्तर दिनु पर्ने छ जसमा प्रत्येक खण्डबाट कमभन्दा कम **एउटा** प्रश्न गर्नु पर्ने छ।

प्रत्येक प्रश्न/भागको अङ्क त्यसैको सम्मुख अङ्कित छ।

उत्तर नेपाली (देवनागरी लिपि)-मा लेखिनु पर्ने छ।

जुन प्रश्नका सम्बन्धमा अधिकतम शब्दहरूको सङ्ख्या निर्धारित छ, त्यहाँ त्यसको पालन गरिनु पर्ने छ।

प्रश्नहरूको उत्तरको गणना सङ्ख्यात्मक क्रममा गरिने छ। यदि कुनै प्रश्न काटिएको छैन भने त्यस प्रश्नलाई गन्तिमा ल्याइने छ, चाहे उसको उत्तर आंशिक रूपमा लेखिएको किन नहोस्। प्रश्न-सह-उत्तर पुस्तिकाको कुनै पनि पृष्ठ अथवा पृष्ठको भाग खालि छोडिएको छ भने त्यसलाई स्पष्ट रूपबाट काटि दिनु पर्ने छ।

---

# NEPALI

PAPER—I

( LITERATURE )

Time Allowed : Three Hours

Maximum Marks : 250

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

There are EIGHT questions divided in two Sections.

Candidate has to attempt FIVE questions in all.

Question Nos. **1** and **5** are compulsory and out of the remaining, THREE are to be attempted choosing at least ONE question from each Section.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari Script).

Word limit in questions, wherever specified, should be adhered to.

Attempts of questions shall be counted in sequential order. Unless struck off, attempt of a question shall be counted even if attempted partly. Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.



DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM Courtesy : UPSC

DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM

## SECTION—A

**1.** निम्नलिखित प्रत्येक प्रश्नको लगभग *150* शब्दमा उत्तर लेख्नुहोस् : 10×5=50

*(a)* नेपाली भाषाका उत्पत्ति र स्वरूपबारे संक्षिप्त चर्चा गर्नुहोस्।

*(b)* सर्वनाम भनेको के हो? यसका कतिवटाहरू भेदहरू छन्? ती मध्ये कुनै दुईवटा भेदको परिभाषा र उदाहरण प्रस्तुत गर्नुहोस्।

*(c)* नेपाली भाषाको मानस्तरीकरणको सन्दर्भमा 'हलन्त बहिष्कार' आन्दोलनको के कस्तो भूमिका रहन गएको छ—छलफल गर्नुहोस्।

*(d)* भाषा र भाषिकामा के भिन्नता छ? दार्जीलिङ र सिक्किमका नेपाली भाषा वस्तुतः 'भाषा' हो कि 'भाषिका' हो प्रमाण दिएर पुष्टि गर्नुहोस्।

*(e)* भारतमा सामाजिक र सांस्कृतिक उन्नयन र विकासको क्षेत्रमा नेपाली भाषाको के कस्तो भूमिका रहेको छ— व्याख्या गर्नुहोस्।

**2.** *(a)* नेपाली व्याकरण लेखनमा विदेशी विद्वानहरूले दिएका योगदानबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्। 20

*(b)* वाच्य भनेको के हो? यसका भेदहरू कति छन् र वाच्य परिवर्तन कसरी हुन्छ? 15

*(c)* भारतमा नेपाली भाषा-शिक्षणको के कस्तो व्यवस्था छ—प्रकाश पार्नुहोस्। 15

**3.** *(a)* नेपाली भाषाको प्राचीन स्वरूपबारे विस्तृत चर्चा गर्नुहोस्। 20

*(b)* कारक भन्नाले के बुझिन्छ? नेपाली व्याकरणमा कति प्रकारका कारकहरू छन्? ती प्रत्येकको परिभाषा र उदाहरण दिनुहोस्। 15

*(c)* भाषाको मानस्तरीकरण भन्नाले के बुझिन्छ? नेपाली भाषाको मानस्तरीकरणका आधारहरू के के हुन्—प्रस्ट पार्नुहोस्। 15

**4.** *(a)* नेपाली भाषाको अध्ययन परम्परामा भारतको पूर्वाञ्चल भेकको के कस्तो योगदान रहेको छ—सविस्तार चर्चा गर्नुहोस्। 20

*(b)* विशेषण कति प्रकारका हुन्छन्? उद्देश्य-विशेषण र विधेय विशेषणलाई उदाहरण दिएर स्पष्ट पार्नुहोस्। 15

*(c)* नेपाली भाषाको एकीकरणको निम्ति प्राथमिक स्तरदेखि उच्चतर स्तरसम्म व्याकरण पठन-पाठनको आवश्यकता र गरिमा कति मान्य छ—आफ्नो मत प्रकट गर्नुहोस्। 15

## SECTION—B

**5.** निम्नलिखित प्रत्येक प्रश्नको *150* शब्दमा उत्तर लेख्नुहोस् : 10×5=50

*(a)* भारतीय नेपाली साहित्यको इतिहासमा 'नेपाली साहित्य सम्मेलन' दार्जीलिङको अवदानबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्।

*(b)* पूर्वीय काव्य सिद्धान्त अन्तर्गत 'रस सिद्धान्त'-बारे विस्तृत चर्चा गर्नुहोस्।

*(c)* स्वच्छन्दतावाद भन्नाले के बुझिन्छ? परिभाषासहित यसका प्रमुख विशेषताहरूमाथि प्रकाश पार्नुहोस्।

*(d)* लोक साहित्यको पृष्ठभूमिमा 'संगिनी'-को सांस्कृतिक महत्त्व के छ—व्याख्या गर्नुहोस्।

*(e)* आयामिक आन्दोलनका प्रवर्तकहरू को को हुन्? यसका सैद्धान्तिक पक्षहरूका परिचय दिनुहोस्।



DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM Courtesy : UPSC

DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM

**6.** *(a)* भारतीय नेपाली साहित्यमा 'असहयोग आन्दोलन'-को प्रभाव र प्रेरणाबारे एउटा लेख प्रस्तुत गर्नुहोस्। 20

*(b)* 'शब्द शक्ति' भनेको के हो? यी कति प्रकारका छन्? प्रत्येकको उदाहरणसहित व्याख्या गर्नुहोस्। 15

*(c)* उत्तर-आधुनिकवादको प्रारम्भ कहाँबाट भएको हो? नेपाली साहित्यमा उत्तर-आधुनिकवादको प्रभावबारे जानकारी दिनुहोस्। 15

**7.** *(a)* भारतीय नेपाली औपन्यासिक परिप्रेक्ष्यमा रूपनारायण सिंहको उपन्यास 'भ्रमर'-को योगदानबारे चर्चा गर्नुहोस्। 20

*(b)* श्रव्य-काव्य र दृश्य-काव्यमा के भिन्नता छ? 'त्रासदी' कुन काव्य अन्तर्गत पर्दछ—छलफल गर्नुहोस्। 15

*(c)* नेपाली साहित्यको पृष्ठभूमिमा 'लहरी साहित्य' परम्पराको महत्त्वपूर्ण भूमिकाबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्। 15

**8.** *(a)* दार्जीलिङे नेपाली कविताका प्रवृत्तिगत परिचय प्रस्तुत गर्दै कवि अगमसिंह गिरीको योगदानबारे विवेचना गर्नुहोस्। 20

*(b)* लोक-कथा र लोक-वार्तामा के अन्तर छ—विस्तृत जानकारी प्रस्तुत गर्नुहोस्। 15

*(c)* 'कमेडी'-को अवधारणा स्पष्ट पार्दै यसका विशेषताहरूमाथि चर्चा गर्नुहोस्। 15

★★★



DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM Courtesy : UPSC

DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM

DOWNLOADED FROM : WWW.IASEXAMPORTAL.COM Courtesy : UPSC